# NHS सर्भिकल (गर्भाशयको मुख) परीक्षण

## तपाईंलाई निर्णय गर्न मद्दत गर्दै



| | |
|---|---|
| सर्भिकल क्यान्सर भनेको के हो? | 2 |
| सर्भिकल क्यान्सर के कारणले गर्दा हुन्छ? | 2 |
| सर्भिकल परीक्षण भनेको के हो? | 3 |
| सर्भिकल परीक्षण परिणामहरू | 6 |
| कोल्पोस्कोपी भनेको के हो? | 8 |
| एउटा विकल्प चयन गर्ने – सर्भिकल परीक्षणको सम्भावित फाइदाहरू तथा जोखिमहरू | 9 |
| सर्भिकल क्यान्सरको लक्षणहरू के-के हुन्? | 10 |
| मलाई सर्भिकल क्यान्सर हुने सम्भावनालाई के कुराले प्रभाव पार्छ? | 11 |
| परीक्षण पछि मेरो नमूनालाई के गरिन्छ? | 11 |
| यदि मसँग कुनैपनि प्रश्नहरू छन् भने मैले कसलाई सम्पर्क गर्न सक्छु? | 12 |

**सर्भिकल परीक्षण गराउने वा नगराउने भन्ने कुरा चयन गर्ने अधिकार तपाईंसँग छ। यस हातेपर्चाले तपाईंलाई निर्णय गर्न मद्दत गर्नेछ।**

## NHS ले किन सर्भिकल परीक्षण प्रदान गर्छ?

NHS सर्भिकल परीक्षणले सर्भिकल क्यानसरको रोकथाम गर्न मद्दत गर्छ। यसले युनाइटेड किङ्गडममा प्रत्येक वर्ष सर्भिकल क्यान्सरबाट 5,000 सम्म जीवन बचाउँछ।

## मलाई सर्भिकल परीक्षणको लागि किन आमन्त्रण गरिएको छ?

NHS ले 25 देखि 49 बर्षका सबै महिलाहरूलाई हरेक 3 वर्षमा र 50 देखि 64 वर्षका सबै महिलाहरूलाई हरेक 5 वर्षमा सर्भिकल परीक्षण उपलब्ध गराउँछ। धेरैजसो सर्भिकल क्यान्सरको विकास 25 देखि 64 वर्षका महिलाहरूमा हुने भएको हुनाले यसो गरिएको हो।

## सर्भिकल क्यान्सर भनेको के हो?

सर्भिकल क्यान्सर तब हुन्छ जब गर्भाशयको मुखका कोषहरूको विकास अनियन्त्रित ढङ्गले हुन्छ र बढेर एउटा डल्लो (जसलाई ट्युमर पनि भनिन्छ) बन्छ। ट्युमर बढ्दै जाँदा, अन्ततः कोषहरू शरीरको अन्य भागमा फैलन सक्छन् र यो जीवनको लागि खतरनाक बन्न सक्छ।

तपाईंको गर्भाशयको मुख तपाईंको गर्भाशय (वा पाठेघर) को सबैभन्दा तल्लो भाग हो, र यो तपाईंको योनिको सबैभन्दा माथि हुन्छ।


## सर्भिकल क्यान्सर के कारणले गर्दा हुन्छ?

लगभग सबै सर्भिकल क्यान्सरहरू ह्युमन पापिल्लोमाभाइरस (वा छोटकरीमा HPV) नामक भाइरसको कारणले गर्दा हुन्छ।

HPV एउटा अत्यन्त सामान्य रूपमा पाइने भाइरस हो - यसबाट धेरै व्यक्तिहरू जीवनको कुनै न कुनै समयमा संक्रमित हुन्छन्। यो पुरुष वा महिलासँग गरिएको कुनैपनि प्रकारको यौन क्रियाकलापको माध्यमबाट सर्न सक्छ। HPV को विभिन्न प्रकारहरू छन्, तर ती मध्ये केहीको कारणले गर्दा मात्र क्यान्सर हुन्छ।

सर्भिकल क्यान्सरको कारण बन्न सक्ने HPV को प्रकारले कुनैपनि लक्षणहरू नदेखाइकन तपाईंको गर्भाशयको मुखलाई संक्रमित बनाउँछ। धेरैजसो मामिलाहरूमा, तपाईंलाई यस्तो भएको थियो भनेर कहिले पनि थहा नहुनेगरि, तपाईंको प्रतिरक्षा प्रणालीले भाइरसबाट छुटकारा दिलाउन सक्छ। तर कहिलेकाहीँ, HPV संक्रमणहरूको कारणले गर्दा तपाईंको गर्भाशयको मुखको कोषहरू असामान्य बन्न पुग्छन्।

साधारणतया, तपाईंको शरीरले असामान्य कोषहरूलाई हटाउन सक्छ र तपाईंको गर्भाशयको मुख सामान्य अवस्थामा फर्कन्छ। तर कहिलेकाहीँ यस्तो हुँदैन, र असामान्य कोषहरू विकसित भएर पछि क्यान्सर हुन सक्छ।




## सर्भिकल परीक्षण भनेको के हो?

सर्भिकल परीक्षण (जसलाई 'स्मियर टेस्ट' भन्ने गरिन्थ्यो) मा तपाईंको गर्भाशयको मुखको सतहबाट कोषहरूको एउटा सानो नमूना लिइन्छ। नमूनालाई कुनै प्रयोगशालामा पठाइन्छ र त्यसमा कुनै असामान्य कोषहरू छन् कि भनेर हेर्नको लागि माइक्रोस्कोपको तल राखेर जाँचिन्छ। असामान्य कोषहरू क्यान्सर होइनन्, तर यदि उपचार गरिएन भने तिनीहरू विकसित भएर क्यान्सर हुन सक्छ।

तपाईंको परीक्षणको परिणामको आधारमा, तपाईंबाट लिइएको नमूनालाई सर्भिकल क्यान्सरको कारण बन्न सक्ने ह्युमन पापिल्लोमाभाइरस (HPV) को लागि जाँच गरिन सकिन्छ।
अर्को चरणको रूपमा, तपाईंको गर्भाशयलाई अझ नजिकबाट हेर्नको लागि तपाईंलाई अर्को परीक्षण (कोल्पोस्कोपी नामक) गर्न भनिन सक्छ। यदि कोल्पोस्कोपी गरिरहेको व्यक्तिले असामान्य कोषहरू भेट्टायो भने, तिनीहरूले तपाईंलाई, सामान्यतया अर्को कोल्पोस्कोपी गरेर कोषहरू हटाउनको लागि सुझाव दिनेछन्। यसरी परीक्षणले सर्भिकल क्यान्सरको रोकथाम गर्छ।

## यदि मैले परीक्षण गराउने निर्णय गरेँ भने के हुनेछ?

**तपाईंको भेटभन्दा अगाडि:**

सामान्यतया सर्भिकल परीक्षण एउटा महिला नर्स वा चिकित्सकले गर्छन्। यदि तपाईं आफ्नो परीक्षण एउटा महिलाले गरोस् भनि निश्चित गर्न चाहनुहुन्छ भने, तपाईंले आफ्नो भेट तय गर्दा यसको लागि अनुरोध गर्न सक्नुहुन्छ।

तपाईंको भेट तपाईंको महिनावारी नभएको अवधिमा हुनुपर्छ। यदि तपाईं महिनावारीको अवधिमा हुनुहुन्न भने, तपाईंको परीक्षण कुनैपनि समयमा गर्न सकिन्छ।

लुज-फिटिङ्ग स्कर्ट (ट्राउजर वा कसिलो स्कर्टको सट्टामा) लगाउनाले परीक्षणको लागि तयार हुन सजिलो हुन्छ। कृपया तपाईंले परीक्षण गराउनेभन्दा 2 दिन अगाडि देखि कुनैपनि योनि सम्बन्धी औषधिहरू, लुब्रिक्यान्ट वा क्रिमहरू प्रयोग नगर्नुहोस् किनभने तिनीहरूले तपाईंको नर्स वा चिकित्सकले लिने नमूनालाई असर पार्न सक्छ।

यदि तपाईं गर्भवती हुनुहुन्छ भने, यदि तपाईंले गर्भच्छेदन (hysterectomy) गराउनुभएको छ भने, वा यदि त्यस्ता कुनैपनि कारणहरू छन् जसको कारणले गर्दा तपाईंलाई सर्भिकल परीक्षण गराउन गाह्रो हुनेछ भन्ने लाग्छ भने, कृपया आफ्नो नर्स वा चिकित्सकसँग कुरा गर्नुहोस्। तिनीहरूले तपाईंसँग हुन सक्ने कुनैपनि प्रश्नहरू वा चिन्ताहरूको बारेमा जवाफ दिन सक्नेछन्, र तपाईंको लागि उचित प्रबन्ध मिलाउनेछन्।

**तपाईंको भेटमा:**

तपाईंलाई नर्स वा चिकित्सकले तपाईंको कम्मरभन्दा मुनि निर्वस्त्र भएर खाटमा सुत्न र तपाईंका घुँडाहरू बङ्ग्यार फैलाउन अनुरोध गर्नेछ।


तपाईंको योनिमा स्पेकुलम नामक एउटा यन्त्र हालिनेछ र त्यसको प्रयोगले तपाईंको योनिलाई बिस्तारै खोलिने छ। यसले तपाईंको नर्स वा चिकित्सकलाई तपाईंको गर्भाशयको मुख हेर्न दिन्छ।

त्यसपछि तिनीहरूले तपाइंको गर्भाशयको मुखबाट एउटा नमूना लिनको लागि एउटा सानो ब्रसको प्रयोग गर्छन्। वास्तविक जाँच गर्न केवल एक वा दुई मिनेट मात्र लाग्छ। पूरै भेटको लागि प्राय 10 मिनेटजति समय लाग्छ।

## सर्भिकल परीक्षण गर्दा कस्तो महसुस हुन्छ?

तपाईंले केही असहजता महसुस गर्न सक्नुहुन्छ, तर यो तुरुन्त समाप्त हुनेछ। यदि यसो गर्दा दुख्छ भने, नर्स वा चिकित्सकलाई भन्नुहोस् र तिनीहरूले तपाईंको लागि यसलाई अझ सहज बनाउने प्रयास गर्नेछन्।

# सर्भिकल परीक्षण टेस्ट गराउने



# सर्भिकल परीक्षण परिणामहरू

तपाईंले परीक्षण गराउनुभएको 2 हप्ता भित्र तपाईंले आफ्नो परिणाहरू सहित एउटा पत्र प्राप्त गर्नुहुनेछ।

## धेरैजसो महिलाहरूको परिणाम सामान्य आउनेछ

सर्भिकल परीक्षण गराएका 100 जना महिलाहरू मध्ये लगभग 94 जनाको परिणाम सामान्य आउँछ। यदि तपाईंको परिणाम सामान्य छ भने, तपाईंको अर्को परीक्षणभन्दा अगाडि तपाईंमा सर्भिकल क्यान्सरको विकास हुने जोखिम एकदम कम छ।

## केही महिलाहरूको नमूनामा असामान्य कोषहरू हुनेछन्

सर्भिकल परीक्षण गराएका 100 जना महिलाहरू मध्ये, लगभग 6 जनाको नमूनामा असामान्य कोषहरू हुनेछन्। असामान्य कोषहरू क्यान्सर होइनन्, तर कहिलेकाहीँ यदि उपचार गरिएन भने तिनीहरू विकसित भएर क्यान्सर हुन सक्छ।

### हल्का असामान्य कोषहरू

असामान्य कोषहरू भएका धेरैजसो महिलाहरूमा केवल हल्का असामान्य कोषहरू मात्र हुनेछन्। हल्का असामान्य कोषहरूको दुईवटा प्रकारहरू छन्, जसलाई बोर्डरलाइन परिवर्तनहरू र न्यून-ग्रेडको डिस्केरिओसिस (dyskaryosis) भनिन्छ।

यदि तपाईंमा हल्का असामान्य कोषहरू छ भने, तपाईंको नमूनालाई सर्भिकल क्यानसरको कारण बन्न सक्ने ह्युमन पापिल्लोमाभाइरस (HPV) का प्रकारहरूको लागि  परीक्षण गरिनेछ।

यदि तपाईंलाई HPV संक्रमण भएको छैन भने, तपाईंको अर्को परीक्षणभन्दा अगाडि तपाईंमा सर्भिकल क्यानसरको विकास हुने जोखिम कम छ। त्यसैले, सधैँ जस्तै, तपाईंको उमेरको आधारमा तपाईंलाई 3 वा 5 वर्षमा परीक्षणको लागि  पुन: निमन्त्रणा गरिनेछ।

यदि तपाईंलाई HPV संक्रमण भएको छ भने, तपाईंको गर्भाशयको मुखलाई अझ नजिकबाट जाँच्नको लागि तपाईंलाई अर्को परीक्षण (कोल्पोस्कोपी नामक) को लागि बोलाइनेछ।

### धेरै असामान्य कोषहरू

केही महिलाहरूको नमूनामा धेरै असामान्य कोषहरू हुनेछन्। यसलाई उच्च-ग्रेडको डिस्केरिओसिस भनिन्छ।

यदि तपाईंका कोषहरू धेरै असामान्य छन् भने, तपाईंको गर्भाशयको मुखलाई अझ नजिकबाट जाँच्नको लागि तपाईंलाई कोल्पोस्कोपी गर्न लगाइनेछ।

### विरल रूपमा, महिलाहरूको नमूनामा सम्भावित क्यान्सर कोषहरू हुन्छन्

यदि तपाईंको परिणाम यस्तो आयो भने, तपाईंलाई सकेसम्म छिटो एउटा विशेषज्ञलाई भेट्न बोलाइनेछ। यो 1,000 जना महिलाहरू मध्ये 1 जनामा हुन्छ।

### केही महिलाहरूले आफ्नो परिणाम पाउनु अगाडि अर्को सर्भिकल परीक्षण गराउन आवश्यक छ

कहिलेकाहीँ महिलाहरूले परीक्षण दोहोर्याउनु पर्नेछ, किनभने नमूना पर्याप्त मात्रामा स्पष्ट थिएन। यदि यसो भयो भने, तपाईंलाई अर्को परीक्षण गर्नको लागि बोलाइनेछ। यो हरेक 100 वटा परीक्षण मध्ये 2 वटामा हुन्छ।



# कोल्पोस्कोपी भनेको के हो?

कोल्पोस्कोपी तपाईंको गर्भाशयको मुखको कति भागमा असामान्य कोषहरू छन् र यी कति गम्भीर छन् भनेर हेर्नको लागि गरिने एउटा परीक्षण हो। यसलाई सामान्यतया अस्पतालको बहिरंग क्लिनिकमा गरिन्छ। एउटा विशेषज्ञले म्याग्निफाइङ लेन्स र एउटा बत्ती (जसलाई कोल्पोस्कोप भनिन्छ) प्रयोग गरेर तपाईंको गर्भाशयको मुखलाई नजिकबाट हेर्नेछ। तिनीहरूले तपाईंको गर्भाशयको मुखमा असामान्य देखिने कुनैपनि क्षेत्रलाई जाँच्नको लागि एउटा सानो नमूना (बायोप्सी) लिन सक्छन्। यदि असामान्य कोषहरू गम्भीर छन् भने, कोषहरू हटाउनको लागि तपाईंलाई उपचारको आवश्यकता पर्न सक्छ। यसले सर्भिकल क्यान्सरको रोकथाम गर्न मद्दत गर्छ।

## कोल्पोस्कोपी परिणामहरू

### तपाईंको कोल्पोस्कोपीले तपाईंमा असामान्य कोषहरू भएको देखाउन सक्छ जसलाई हटाइनुपर्छ

यदि तपाईंमा गम्भीर असामान्य कोषहरू भएको भेट्टाइएमा, यिनीहरूलाई हटाउन सकिन्छ। यसलाई पनि सामान्यतया अस्पतालको बहिरंग क्लिनिकमा कोल्पोस्कोपीको दौरान गरिन्छ।

कोल्पोस्कोपी गराएका लगभग आधा महिलाहरूमा हटाइनुपर्ने असामान्य कोषहरू भएको पाइन्छ।

### तपाईंको कोल्पोस्कोपीले तपाईंलाई क्यान्सर भएको छ भनेर देखाउन सक्छ

विरल रूपमा, परीक्षणको माध्यमबाट महिलाहरूमा क्यानसरको निदान हुन्छ। परीक्षणको माध्यमबाट निदान गरिएका क्यान्सरहरूलाई धेरैजसो प्रारम्भिक चरणमा नै भेट्टाइनेछ। प्रारम्भिक चरणको सर्भिकल क्यान्सर भएका महिलाहरूको बाँच्ने सम्भावना त्यस पछिको चरणको क्यान्सरहरू भएका महिलाहरूको भन्दा बढी हुन्छ।

# एउटा विकल्प चयन गर्ने – सर्भिकल परीक्षणका सम्भावित फाइदाहरू र जोखिमहरू

सर्भिकल परीक्षण गराउने वा नगराउने भन्ने कुरा चयन गर्ने अधिकार तपाईंसँग छ। धेरै विभिन्न कारणहरू छन् जसले गर्दा महिलाहरूले परीक्षण गराउने वा नगराउने भन्ने कुराको निर्णय गर्छन्। तपाईंलाई निर्णय गर्न मद्दत गर्न, हामीले सम्भावित फाइदाहरू र जोखिमहरूको सम्बन्धमा जानकारी समावेश गरेका छौँ।

## सर्भिकल परीक्षणका फाइदाहरू के के हुन्?

सर्भिकल परीक्षणले सर्भिकल क्यानसरको रोकथाम गर्न मद्दत गर्छ। यसले परीक्षण गराएका हरेक 100 जना महिलाहरू मध्ये लगभग 1 जना महिलालाई सर्भिकल क्यान्सर हुनबाट बचाउँछ।

सर्भिकल परीक्षणले युनाइटेड किङ्गडममा प्रत्येक वर्ष सर्भिकल क्यान्सरबाट 5,000 सम्म जीवन बचाउँछ।

## सर्भिकल परीक्षणका जोखिमहरू के-के हुन्?

सर्भिकल परीक्षणका जोखिमहरू परीक्षण आफैबाट नभएर कोल्पोस्कोपी दौरान असामान्य कोषहरू हटाउने कार्यबाट उत्पन्न हुन्छ। असामान्य कोषहरू हटाउनाले कहिलेकाहीँ रक्तश्राव वा संक्रमण हुन सक्छ, र यसले भविष्यमा हुने गर्भावस्थाहरूलाई असर पार्न सक्छ। असामान्य कोषहरू हटाएपछि गर्भवती बनेका महिलाहरूमा, तिनीहरूले 1 देखि 2 महिना अगाडि नै बच्चा जन्माउने

सम्भावना केही मात्रामा बढी हुन्छ।

असामान्य कोषहरू हटाउने हरेक महिलामा पछि गएर सर्भिकल क्यान्सरको विकास हुने थिएन। तर गम्भीर असामान्य कोषहरू भएका सबैजनालाई ती कोषहरू हटाउन उपचार प्रदान गरिन्छ किनभने कसलाई सर्भिकल क्यान्सर हुनेछ र कसलाई हुनेछैन भनेर भन्न सम्भव छैन।

## सर्भिकल क्यान्सरका लक्षणहरू के-के हुन्?

क्यान्सरको विकास तपाईंको नियमित परीक्षण अवधिको बीचमा हुन सक्छ।

त्यसैले तपाईंको लागि असामान्य भएका कुनैपनि कुराहरूको बारेमा सावधान रहन महत्त्वपूर्ण छ, विशेषगरि निम्न कुराहरू:

- तपाईंको महिनावारीको अवधिको बीचमा, यौन सम्पर्कपछि, वा महिनावारी रोकिएपछि रगत बग्नु।
- योनीबाट तरलपदार्थ निस्कनु।
- यौन सम्पर्कको दौरान पीडा वा असहज महसुस हुने।

यदि तपाईंमा यी मध्ये कुनैपनि परिवर्तनहरू देखा परेमा, सकेसम्म छिटो एउटा चिकित्सकलाई भेट्नुहोस्। तपाईंको अर्को सर्भिकल परीक्षणको लागि नपर्खनुहोस्।

सामान्यतया यी लक्षणहरूको मतलब तपाईंलाई क्यान्सर भएको छ भन्ने हुँदैन, तर यदि तपाईंलाई क्यान्सर भएको छ भनि पत्ता लागेमा, पहिले नै यसको निदान गरेर उपचार गर्दा तपाईंको बाच्ने सम्भावना बढी हुनेछ।

## मलाई सर्भिकल क्यान्सर हुने सम्भावनालाई के कुराले प्रभाव पार्छ?

सर्भिकल परीक्षण गराउनाले तपाईंलाई सर्भिकल क्यान्सर हुने सम्भावनालाई

कम गर्छ।

सर्भिकल क्यान्सरको लगभग सबै मामिलाहरू HPV संक्रमणको कारणले गर्दा हुन्छ। HPV कुनै पुरुष वा महिलासँग गरिएको कुनैपनि प्रकारको यौन क्रियाकलापको माध्यमबाट सर्न सक्छ।

महिलाहरू वा पुरुषहरू जसको धेरै यौन साथीहरू हुन्छन्, तिनीहरूलाई HPV संक्रमणहरू हुने सम्भावना बढी हुन्छ। तर HPV यति आम भएको छ कि अधिकांश मानिसहरूमा उनीहरूको जीवनको कुनै न कुनै समयमा भाइरस हुनेछ। HPV सम्पूर्ण गुप्ताङ्ग क्षेत्र वरिपरिको छालामा पाइन्छ, र कुनैपनि किसिमको यौन क्रियाकलापको माध्यमबाट फैलन सक्छ। यसको अर्थ के हो भने कण्डमले तपाईंलाई HPV को संक्रमणबाट सधैँ सुरक्षा प्रदान गर्दैन।

धूम्रपानले सर्भिकल क्यान्सरको जोखिमलाई वृद्धि गर्दछ किनभने यसले

HPV संक्रमणहरूबाट तपाईंको शरीरलाई छुटकारा गराउन कठिन बनाउँछ। 12 देखी 13 वर्षका केटीहरूलाई सर्भिकल क्यान्सर गराउन सक्ने HPV का किसिमहरू विरुद्ध उनीहरूलाई सुरक्षित गर्न खोप दिइने गरिन्छ।

## परीक्षण पछि मेरो नमूनालाई के गरिन्छ?

तपाईंको परीक्षण नमूना प्रयोगशालाद्वारा कम्तिमा 10 वर्षको लागि सुरक्षित राखिनेछ। तपाईंको परिणामलाई नेश्नल सेक्यूर कम्प्युटर सिस्टममा पनि सुरक्षित राखिनेछ ता कि NHS ले तपाईंको पछिल्लो परिणामलाई तपाईंको पहिलेको परिणामसँग तुलना गर्न सकोस्। तपाईंका परिणामहरूलाई स्वास्थ्य सेवामा अन्यत्र काम गर्ने कर्मचारिद्वारा हेरिन सक्छ, जसले गर्दा तिनीहरूले सकेसम्म राम्रो सेवा दिने कुराको सुनिश्चित गर्न र विशेषज्ञ कर्मचारीको सीपहरूमा सुधार गर्न सक्छन्।

## यदि मसँग कुनैपनि प्रश्नहरू छन् भने मैले कसलाई सम्पर्क गर्न सक्छु?

यदि तपाईंसँग सर्भिकल परिक्षणका बारेमा कुनै प्रश्नहरू छन् भने, तपाईं आफ्नो GP, पेशाकर्मी नर्स वा गर्भ-निरोधक क्लिनिकसँग कुरा गर्न सक्नुहुन्छ। निम्नलिखित वेबसाइटहरूमा यस हातेपर्चामा प्रयोग गरिएको प्रमाणका स्रोतहरू सहित, सर्भिकल परीक्षणसँग सम्बन्धित थुप्रै विस्तृत जानकारीहरू छन्:

NHS सर्भिकल परीक्षण कार्यक्रम

**www.cancerscreening.nhs.uk/cervical**

क्यान्सर परीक्षणको बारेमा ज्ञात विकल्प

**www.informedchoiceaboutcancerscreening.org**

तपाईंलाई निम्न परोपकार वेबसाइटहरूले पनि सर्भिकल परीक्षणको बारेमा उपोयोगी जानकारी प्रदान गर्न सक्छ:

क्यान्सर रिसर्च यू के

**www.cruk.org**

जोस् सर्भिकल क्यान्सर ट्रस्ट

**www.jostrust.org.uk**

Healthtalkonline

**www.healthtalkonline.org**

The Information Standard
Certified member

Crystal Mark 20959
Clarity approved by Plain English Campaign

55

यस हातेपर्चाको विकास क्यान्सर परीक्षणको बारेमा ज्ञात विकल्पद्वारा गरिएको हो - जुन किङ्गस् हेल्थ पार्टनर्स (King's Health Partners) का जानकारी विशेषज्ञहरूको एउटा स्वतन्त्र टोली हो, र यसलाई क्यान्सर रिसर्च यु के (Cancer Research UK) ले सुझाव र लिखित सहायता प्रदान गरेको छ र जोस् सर्भिकल क्यान्सर ट्रस्टले चित्रहरूको सम्बन्धमा सुझाव प्रदान गरेको छ।

सार्वजनिक परामर्शको माध्यमबाट, NHS क्यान्सर परीक्षण कार्यक्रमहरू सम्बन्धी जानकारीको पहुँचको विकास गर्नको लागि 1,000 भन्दा बढी नागरिक सदस्यहरूले योगदान दिएका छन् ।

निम्न सङ्गठनहरूले परामर्शमा सहायता प्रदान गरेका थिए। बिटिङ बोवेल क्यान्सर, BME क्यान्सर कम्युनिटिज, बोवेल क्यान्सर यु के, ब्रेकथ्रु ब्रेस्ट क्यान्सर, ब्रेस्ट क्यान्सर क्याम्पेन, ब्रेस्ट क्यान्सर केयर, क्यान्सर रिसर्च यु के, इन्डिपेन्डेन्ट क्यान्सर पेसेन्टस् भ्वाइस, जोस् सर्भिकल क्यान्सर ट्रस्ट र पेसेन्ट इन्फरमेसन फोरम।

**www.informedchoiceaboutcancerscreening.org**

NHS क्यान्सर परीक्षण कार्यक्रमद्वारा आर्थिक सहायता गरिएको।

NHS क्यान्सर परीक्षण कार्यक्रमलाई बेलायत सार्वजनिक स्वास्थ्य (Public Health England) ले संचालन गर्छ।

CANCER RESEARCH UK

Informed Choice about Cancer Screening

feltonworks.com द्वारा डिजाइन गरिएको

सेप्टेम्बर 2013 पछिल्लो समीक्षा मिति सेप्टेम्बर 2015। 2901195 1p 1.6mill जुलाइ 13 (ANT)

यस शरिषकको थप प्रतिलिपिहिरूको लागि www.orderline.dh.gov.uk मा जानुहोस् र कोड xxxxxxx उद्रति गर्नुहोस् वा DH प्रकाशन अडरलाइनलाई सम्पर्क गर्नुहोस्: फोन: 0300 123 1002; मनिकिम: 0300 123 1003

KING'S HEALTH PARTNERS

An Academic Health Sciences Centre for London

Pioneering better health for all